कोशी प्रदेश सरकार

# कोशी प्रादेशिक सञ्चार प्रतिष्ठान

विराटनगर, नेपाल

## संविधान दिवस, २०८३ को अवसरमा भिडियो निर्माण प्रतियोगिता सम्बन्धी सूचना

प्रकाशन मितिः २०८३/०५/२९

संविधान दिवस, २०८३ को अवसरमा आयोजना हुने मूल समारोह तथा विभिन्न कार्यक्रमलाई समेटी भिडियो निर्माण प्रतियोगिता आयोजना गरिने भएकाले इच्छुक सञ्चारकर्मी/पत्रकार, भिडियो निर्माता/निर्देशक तथा कानूनबमोजिम दर्ता भएका सञ्चार संस्था/मिडियालाई सहभागिताका लागि यो सूचना प्रकाशित गरिएको छ।

भिडियोसम्बन्धी मुख्य शर्तहरू:

१) भिडियो संविधान दिवस, २०८३ का मूल समारोह तथा सम्वन्धित कार्यक्रमहरूमा आधारित हुनुपर्नेछ।

२) भिडियो Full HD वा MP4/MOV (Horizontal (16:9) वा Vertical (9:16) वा दुवै) फर्म्याटमा ५ देखि १० मिनेट अवधिको हुनुपर्नेछ।

३) भिडियो नेपाली भाषामा हुनुपर्नेछ (स्थानीय भाषा प्रयोग गर्नु पर्ने भएमा नेपाली Subtitle अनिवार्य हुनेछ)।

४) भिडियो मौलिक हुनुपर्नेछ। राजनीतिक प्रचार, घृणास्पद/विभेदजन्य, साम्प्रदायिक, हिंसात्मक, अश्लील, वा कानूनविपरीत सामग्री समावेश गर्न पाइने छैन।

५) प्राप्त भिडियो विषयवस्तुको सान्दर्भिकता, सन्देश तथा प्रभावकारिता, सिर्जनशीलता, मौलिकता, छायांकन, सम्पादन, ध्वनि, प्राविधिक गुणस्तर, प्रस्तुतीकरण तथा समग्र प्रभावका आधारमा १०० पूर्णाङ्कमा मूल्यांकन गरिनेछ। मूल्याङ्कन समितिको निर्णय अन्तिम हुनेछ।

६) पुरस्कारः प्रथम रु.२०,०००।००, द्वितीय रु. १५,०००।०० र तृतीय रु. १०,०००।०० तथा प्रमाण-पत्र प्रदान गरिनेछ।

७) सहभागीको नाम, सम्पर्क नम्वर, ठेगाना, आधिकारिक परिचयपत्र र भिडियोको संक्षिप्त विवरणसहित भिडियो प्रतिष्ठानको ईमेल ठेगाना admin.kpci@gmail.com मा २०८३/०६/०६ गते कार्यालय समयभित्र पठाउनुपर्नेछ।

८) तोकिएको मापदण्ड तथा शर्त पूरा नगरेका भिडियो प्रतियोगितावाट अस्वीकृत गरिनेछ।

९) प्रतिष्ठानले प्राप्त भिडियो प्रचार-प्रसार, अभिलेखीकरण तथा सामाजिक सञ्जाल, वेवसाइट, टेलिभिजन लगायतका सार्वजनिक सञ्चार माध्यममा प्रयोग/प्रसारण गर्न सक्नेछ।

थप जानकारीका लागिःकोशी प्रादेशिक सञ्चार प्रतिष्ठान, विराटनगर, नेपाल

इमेलः **admin.kpci@gmail.com**

सम्पर्क नम्वरः ९८४२०५७६७१

लिलाराज भट्टराई

प्रदेश प्रेस रजिष्ट्रार

प्रदेश प्रेस रजिष्टार